नेपाल सरकार
सहकारी तथा गरिबी निवारण मन्त्रालय
सहकारी विभाग
सम्पत्ति शुद्धिकरण निवारण इकाई
(.............शाखा)

फोन नं. : ४-४६५३६२, ४-४६११७७
फ्याक्स : ४-४६५५१७
email: sahakaribivag@gmail.com
Website: www.deoc.gov.np

नयाँ बानेश्वर, काठमाडौं
नेपाल ।

O/C

पत्र संख्या :- ०७५/७६
चलानी नं. :- ९६२
प्राप्त पत्र संख्या र मिति :-

मिति :-

२०७५।०५।१८

विषय : निर्देशन कार्यान्वयनको प्रगति प्रतिवेदन सम्बन्धमा ।

श्री भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय, प्रदेश नं. १, विराटनगर, मोरङ ।
श्री भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय, प्रदेश नं. २, जनकपुर, धनुषा ।
श्री भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय, प्रदेश नं. ३, हेटौंडा, मकवानपुर ।
श्री भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय, गण्डकी प्रदेश, पोखरा, कास्की ।
श्री भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय, प्रदेश नं. ५, बुटवल, रुपन्देही ।
श्री भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय, कर्णाली प्रदेश, वीरेन्द्रनगर, सुर्खेत ।
श्री भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय, प्रदेश नं. ७, धनगढी, कैलाली ।

सम्पत्ति शुद्धीकरण निवारणसम्बन्धी सहकारी सङ्घसंस्थालाई जारी गरिएको निर्देशन, २०७४ को दफा २८ मा देहायबमोजिमको व्यवस्था रहेको बेहोरा विदितै छ :-

(१) संस्थाले यो निर्देशनबमोजिम सम्पादन गरेका कार्यहरूको चौमासिक प्रतिवेदन अनुसुची ६ को ढाँचामा उक्त अवधि व्यतीत भएको ७ दिनभित्र कार्यालयमा पठाउनुपर्नेछ ।

तर बचत तथा ऋणको मुख्य कारोबार नगर्ने संस्थाका साथै रु. पाँच करोडभन्दा कम जायजेथा भएका संस्थाले वार्षिक रूपमा अनुसुची ६ बमोजिमको प्रतिवेदन उक्त अवधि व्यतीत भएको ७ दिनभित्र पठाउनुपर्नेछ ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि राष्ट्रिय सहकारी महासङ्घ वा केन्द्रीय सहकारी सङ्घ र सहकारी बैङ्कले विभागले तोकेको ढाँचामा विभागमा चौमासिक अवधि व्यतीत भएको ७ दिनभित्र चौमासिक प्रतिवेदन पठाउनुपर्नेछ ।

(३) कार्यालयले उपदफा (१) बमोजिम प्रदेश, जिल्ला वा स्थानीय तहअनुसार एकीकृत गरिएको प्रतिवेदन प्रतिवेदन अवधि व्यतीत भएको १५ दिनभित्र विभागमा पठाउनुपर्दछ ।

साथै निर्देशनको दफा ३३ मा प्रदेश वा स्थानीय तहको नियमन अधिकार क्षेत्रभित्र पर्ने संस्थाको हकमा प्रदेश सहकारी नियामक निकाय वा स्थानीय तहले यसै निर्देशनबमोजिम गर्नु, गराउनुपर्ने र त्यस्तो व्यवस्था मिलाउँदा निर्देशनमा कार्यालय वा विभागले गर्ने गरी उल्लेख भएका सम्पूर्ण कार्यहरूको सम्पादन, कर्तव्यको पालना र अधिकारको प्रयोग प्रदेश सहकारी नियामक निकाय वा स्थानीय तहको कार्यपालिकाले तोकेको अधिकारीले गर्नुपर्ने व्यवस्था रहेको छ । साविकमा यस विभागमातहत रहेका सहकारी प्रशिक्षण तथा डिभिजन कार्यालय र डिभिजन सहकारी कार्यालयहरू नेपाल सरकारको निर्णयानुसार २०७५ साउन १ गतेदेखि खारेज भई नियमन क्षेत्राधिकारअनुसार सहकारी सङ्घसंस्थाका अभिलेख सम्बन्धित स्थानीय तह, प्रदेश भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय वा यस विभागमा हस्तान्तरणसमेत भइसकेको छ ।

नेपाल सरकार
सहकारी तथा गरिबी निवारण मन्त्रालय
# सहकारी विभाग
(सम्पत्ति शुद्धिकरण निवारण इकाई शाखा)

फोन नं. : ४-४६५३६२, ४-४६११७७
फ्याक्स : ४-४६५५१७
email: sahakaribivag@gmail.com
Website: www.deoc.gov.np

नयाँ बानेश्वर, काठमाडौं
नेपाल ।

पत्र संख्या :- ०७५/७६
चलानी नं. :-
प्राप्त पत्र संख्या र मिति :-

मिति :-

सम्पत्ति शुद्धीकरण निवारण कानुनको पालना उच्च राष्ट्रिय प्राथमिकताको विषय भएको हुँदा तीनै तहका सहकारी नियामक निकायहरू बीच सहयोग प्रवर्धन गरी सूचक संस्थाको रूपमा सहकारी संस्थाहरूले कानुनतः पूरा गर्नुपर्ने दायित्व पूरा गर्ने, गराउने व्यवस्था मिलाउनु अति वाञ्छनीय देखिएको छ । अतः तहाँबाट अन्य कुराका अतिरिक्त देहायबमोजिम प्रगति प्रतिवेदन प्राप्त गरी निर्देशनका व्यवस्थाहरूको प्रभावकारी कार्यान्वयनमा सहयोगका लागि निर्देशानुसार हार्दिक अनुरोध गर्दछु :-

क) सहकारी सङ्घसंस्थाहरूले नियमन क्षेत्राधिकारअनुसार स्थानीय तह, प्रदेशको भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय वा सहकारी विभागमा निर्देशन जारी भएको आर्थिक वर्ष २०७४/७५ मा निर्देशनबमोजिम सम्पादित कार्यहरूको वार्षिक प्रतिवेदन २०७५ साउन ७ गतेभित्र पठाउनुपर्नेमा नपठाएको भए यथाशीघ्र पठाउने;

ख) आर्थिक वर्ष २०७५ /७६ देखि निर्देशनको दफा २८ को उपदफा (१) को प्रतिबन्धात्मक वाक्यांशमा उल्लेख भएका (अर्थात् बचत तथा ऋणको मुख्य कारोबार नगर्ने र गरे तापनि वासलातको सम्पत्तिको जम्मा रकमअनुसार रु. ५ करोडभन्दा कम जायजेथा भएका) सहकारी संस्थाहरूले वार्षिक रूपमा नै र अन्य सबै सहकारी सङ्घसंस्था वा बैङ्कले चौमासिक रूपमा नित्य प्रगति प्रतिवेदन पठाउने;

ग) सम्बन्धित नियामक निकायले खण्ड (क) र (ख) बमोजिम सहकारी संङ्घसस्थाहरूले प्रतिवेदन पठाए, नपठाएको अभिलेख खडा गर्नुका साथै निर्देशानुसार सम्पादन गर्नुपर्ने कार्यहरूको सम्पादन समयमै भए, नभएको अनुगमनसमेत गर्ने;

घ) स्थानीय तथा प्रादेशिक नियामक निकायले निर्देशनको दफा २८ को उपदफा (३) बमोजिम एकीकृत गरिएको प्रतिवेदन राष्ट्रिय स्तरमा अभिलेख एवं प्रतिवेदनको प्रयोजनार्थ विभागमा पठाउने र

ङ) उपर्युक्तानुसारको व्यवस्थाका लागि तहाँबाट प्रदेशका सबै नगरपालिका तथा गाउँपालिकाहरूमा समेत अनुरोध गरी पठाउने ।

पुनश्च : सम्पत्ति शुद्धीकरण निवारण सम्वन्धी सहकारी सङ्घसंस्थालाई जारी गरिएको निर्देशन, २०७४ यस विभागको वेवसाइट www.deoc.gov.np मा समेत उपलब्ध रहेको बेहोरा अनुरोध छ ।

नारायणप्रसाद अर्याल
(उपरजिष्ट्रार)

**बोधार्थ तथा कार्यार्थ**

१. श्री महानगरपालिकाको कार्यालय सबै (काठमाडौं/ललितपुर/पोखरा/भरतपुर/विराटनगर/वीरगञ्ज)
२. श्री उपमहानगरपालिकाको कार्यालय सबै (बुटवल, रुपन्देही/जितपुर सिमरा, बारा/कलैया, बारा/नेपालगञ्ज, बाँके/इटहरी, सुनसरी/धरान, सुनसरी/हेटौंडा, मकवानपुर/तुल्सीपुर, दाङ/ धनगढी, कैलाली/घोराही, दाङ/जनकपुर, धनुषा ।